राष्ट्रिय मानव अधिकार आयोग

नेपाल सरकार
महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय
राष्ट्रिय बाल अधिकार परिषद्

NACG NEPAL

कन्सोर्टियम-नेपाल
Consortium Nepal

GIRLS NOT BRIDES NEPAL
The Nepalese Partnership to End Child Marriage

SAIEVAC

# बाल मानवअधिकार रक्षकहरूको राष्ट्रिय भेला, २०८१, काठमाण्डौं

# प्रभावकारी कार्यान्वयनका लागि आह्वान




**CONTRIBUTING PARTNERS**

UNITED NATIONS HUMAN RIGHTS TREATY BODIES

NGO Federation of Nepal

ecpat

GIRLS NOT BRIDES
The Global Partnership to End Child Marriage

kinder not hilfe

World Vision

care

PLAN INTERNATIONAL

OXFAM

Co-funded by the European Union

Save the Children

unicef for every child

# बाल मानवअधिकार रक्षकहरुको राष्ट्रिय भेला, २०८१, काठमाण्डौं

# प्रभावकारी कार्यान्वयनका लागि आह्वान

मिति २०८१ मंसिर ८ देखि १० गतेसम्म काठमाण्डौंमा सम्पन्न बाल मानवअधिकार रक्षकहरुको राष्ट्रिय भेलामा सातै प्रदेशको प्रतिनिधित्व गर्दै सहभागी भएका हामी बालबालिकाको छलफलको निचोडका रुपमा बाल मानवअधिकार रक्षकहरुको मान्यता एवम् संरक्षणका लागि र बालअधिकारका धेरै पक्षमा गम्भीर असर पुऱ्याउने बाल विवाहको अन्त्यका सम्बन्धमा सरकार, सरकारी निकाय, मानवअधिकार सम्बन्धी राष्ट्रिय निकाय, नागरिक समाज, राष्ट्रिय अन्तरराष्ट्रिय संघसंस्था, दातृ निकाय, संचार माध्यम, पेशागत संघ, राजनैतिक दल, निजी क्षेत्र, बालक्लबलगायत सबै सम्बन्धित सरोकारवालालाई निम्न उल्लिखित विषयहरुलाई संवोधन हुने गरी आआफ्नो हैसियतमा प्रभावकारी कार्यान्वयन गर्न, गराउनका लागि हार्दिक आह्वान गर्दछौं ।

१. बालअधिकारको सम्मान, संरक्षण, प्रवर्धन र परिपूर्तिका लागि बालक्लब तथा विभिन्न संघसंस्थासंग आवद्ध भएर एवम् व्यक्तिगत रुपमा समेत क्रियाशील भईरहेका सबै बालबालिकालाई बाल मानवअधिकार रक्षकका रुपमा मान्यता दिन तथा उनीहरुले उठाएका बालबालिकाका मानवअधिकार संरक्षण, प्रवर्धनसम्बन्धी विषयमा साथ दिन ।

२. समाजमा रहेका विभिन्न विकृति, बालबालिका विरुद्धका हिंसा, शोषण लगायत बालअधिकार उल्लंघनको विरोध गर्दै पीडित बालबालिकाको अधिकार रक्षाका पक्षमा क्रियाशील रहँदा बाल मानवअधिकार रक्षकमाथि आईपर्न सक्ने जोखिम न्यूनिकरण गर्न एवम् आवश्यक संरक्षण प्रदान गर्न।

३. समाजमा व्याप्त रहेको बालविवाह तथा हानिकारक सामाजिक मान्यता रोकथामका सन्दर्भमा बाल मानवअधिकार रक्षकहरुले दिएको सूचना, जानकारीलाई प्रहरी, वडा कार्यालय, नगरपालिकाका कर्मचारी तथा जनप्रतिनिधि लगायतले गम्भीरतापूर्वक लिई बालबालिकाको गोपनियता कायम गरी तत्कालै आवश्यक छानविन तथा कारवाही गर्न तथा यस्ता सूचना स्थानीय तह भन्दा माथिल्लो निकायमा समेत दिन सकिने सजिलो माध्यम स्थापना गर्न ।

४. बालविवाहका घटनाहरुमा कुनै पनि ढंगले राजनैतिक तथा प्रशासनिक दबाब नदिन र बालविवाहको घटनालाई सोहि रुपमा उजुरी लिई कानून अनुसार कारवाही गर्न ।

५. बालविवाहको विरुद्धमा लाग्दा बाल मानवअधिकार रक्षकलाई कतिपय परिवार तथा समुदायले नकारात्मक रुपमा हेर्ने भएकाले सो धारणामा परिवर्तन ल्याउन र उनीहरुको संरक्षणका लागि ध्यान दिन ।

६. बालविवाहले बालबालिकाको शिक्षा, स्वास्थ्य, वृत्ति विकास र कलिलै उमेरका आमाबाट जन्मेका बालबालिकामा पर्ने असर, मनोसामाजिक असरलगायतका बारेमा किशोर किशोरीका साथै अभिभावक समेतले बुझ्ने भाषामा नियमित रुपमा सचेत गराउन ।

७. शिक्षालाई गुणस्तरीय बनाउनका साथै व्यवहारिक एवम् जीवनोपयोगी शिक्षामा सबै बालबालिकाको पहुँच पुऱ्याउन ।

८. बालबालिकालाई इन्टरनेट अनलाईनबाट हुन सक्ने हानि तथा सामाजिक संजालको दुरुपयोगबारे सचेत गराउनका साथै सोको नियन्त्रण गर्न ।

९. हाल बालविवाह कर भन्दा रहरले हुने घटना बढ्दै गएकाले किशोर किशोरी केन्द्रित सचेतना लगायत उनीहरुलाई विभिन्न सिर्जनात्मक कार्यमा व्यस्त हुने र क्षमता अभिवृद्धि गर्ने अवसर प्रदान गर्न ।

१०. दाइजो लगायतका बालविवाहलाई प्रोत्साहन गर्ने समाजमा रहेका कुप्रथाको प्रभावकारी रुपमा अन्त्य गर्न।

११. राजनैतिक दलहरुले आफ्ना सबै सदस्य, समर्थकलाई बालविवाह नगर्न नगराउन र बालविवाहको अन्त्य सम्बन्धी अभियानमा लाग्न निर्देशन जारी गर्न ।

१२. हरेक स्थानीय तहले बालविवाहको बढी जोखिममा रहेका आफ्ना क्षेत्रका बालबालिका तथा परिवारको पहिचान गरी आवश्यकतानुसार उनीहरुको शैक्षिक निरन्तरता, जीविकोपार्जन लगायतको सहयोग प्रदान गर्न।

१३. स्थानीय तहले आफ्नो क्षेत्रका विद्यालयका लागि तयार गर्ने स्थानीय पाठ्यक्रममा बालविवाहका हानिबारेमा उल्लेख गर्नुका साथै नियमित रुपमा विद्यालयमा अध्यापन गराउने र स्वास्थ्य शिक्षालाई अनिवार्य विषय बनाई यौन तथा प्रजनन स्वास्थ्य तथा वृहत् यौनिकता शिक्षालाई समावेश गर्न ।

१४. बालबालिकाको गोपनीयतालाई ध्यान दिदै बालविवाह अन्त्यसम्बन्धी भएका प्रयास, बालविवाहका नकारात्मक असरलगायतका विषयलाई संचार माध्यममा प्राथमिकता दिन ।

१५. समुदायमा रहेका टोल विकास समिति, आमा समुह लगायतका समुदायिक संस्थाले बालविवाह हुन लागेको घरपरिवारको पहिचानका साथै शुरुवातकै बेला सोको रोकथामका लागि क्रियाशील हुने र बाल मानव अधिकार रक्षकलाई सहयोग, संरक्षण गर्न ।

१६. बालविवाहसंग सम्बन्धित समस्याका बारेमा किशोर किशोरीहरुले एक आपसमा छलफल गर्ने तथा सोको समाधानका लागि परिवार, समुदाय लगायत सम्बन्धित निकायबीच सूचना आदान प्रदान तथा समन्वय गर्न।

१७. बालबालिकालाई सहभागी गराइने कार्यक्रमहरु सकभर विद्यालयको पढाईलाई वाधा नपर्ने गरी आयोजना गर्न ।

१८. राज्यका सबै तहमा बालबालिकालाई प्राथमिकता दिई लगानी बढाउन ।

१९. बालबालिकाको हक हितको संरक्षणका साथै बालबालिका सम्बन्धी कानूनको प्रभावकारी कार्यान्वयनका बारेमा स्थानीय देखि संघीय तहले नियमित अनुगमन गर्न ।

२०. हाल निमार्ण भईरहेको बाल विवाहअन्त्यको लागि रणनीति २०८१ छिट्टै पारित गरी व्यवहारमा कार्यान्वयन गर्न ।

२१.जलवायु परिवर्तनका कारण बालबालिका माथि परेका विभिन्न असरहरुको न्यूनिकरण र सम्वोधन गर्न ।

२२. बालबालिकासंग सम्बन्धित नीति निर्माण प्रक्रियामा बालबालिकाको सल्लाह, सुझाव र अपेक्षालाई समावेश गर्न ।

२३. लैङ्गिक तथा यौनिक अल्पसंख्यक, अपाङ्गता भएका बालबालिका, आर्थिक सामाजिक रुपमा पिछडिएका समुह, जनजातिका बालबालिका बालविवाहलगायत विभिन्न हिंसाको बढी जोखिममा रहने भएकाले उनीहरुको लागि विशेष संरक्षणका कार्य गर्न ।

२४. बालविवाहबाट पीडित भएका बालबालिका तथा किशोरकिशोरीको मानसिक स्वास्थ्य लगायत उनीहरुको संरक्षणका लागि समेत ध्यान दिन र बीस वर्ष पछि विवाह गर्ने जोडीलाई पुरस्कृत गर्ने लगायत बालविवाह रोकथामका लागि संचालन भएका बालिका केन्द्रित कार्यक्रमलाई निरन्तरता दिन।

२५. हाल सिमापारी गई बालविवाह गर्ने प्रचलन बढ्दै गएकाले सोको नियन्त्रण गर्नेबारे विशेष ध्यान दिन ।